# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८१।०६।१३ गते।

## प्रेस विज्ञप्ति

**विषयः** प्रतिवादी नन्द प्रसाद पाण्डेसमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाटः-

**प्रतिवादीहरु नन्द प्रसाद पाण्डे, नरेन्द्र प्रसाद पाण्डे र बिनिता राना पाण्डे**लाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको कसूरमा बिगो रु.२,५१,५२९।-(दुई लाख एकाउन्न हजार पाँच सय उनान्तीस रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिमको कैद सजाय र बिगो बमोजिम जरिवाना हुन एवम् सोही दफा ८(१) बमोजिम बिगो समेत असुल उपर हुन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा,

विशेष अदालतको मिति २०८०/११/०६ को फैसलाबाट निम्न आधारमा आंशिक सफाई दिएकोः-

- प्रतिवादी विनिता पाण्डेले मौकामा तथा अदालतमा इन्कारी बयान गरेको, आफूलाई उक्त काम के कसो भएको छ थाहा नभई अध्यक्ष र सचिवले चेकमा मात्रै दस्तखत गर्नुस् भनेकाले अन्तिम समयमा भुक्तानी दिने बेलामा चेकमा हस्ताक्षर गरेको भनी उल्लेख गरेको।
- प्रतिवादी नन्द प्रसाद पाण्डेले आफूले बिलको सम्पूर्ण कार्य समितिका सचिव नरेन्द्र प्रसाद पाण्डेले गर्ने गरेकाले आफूले कुनै गलत काम गरे जस्तो लाग्दैन भनी बयान गरेका।

विशेष अदालतको उपरोक्त फैसलाउपर आयोगलाई चित्त नबुझी देहायबमोजिमका आधार लिई सम्मानित सर्वोच्च अदालतमा मिति २०८१।०६।१३ मा पुनरावेदन गरिएको छः-

**देहायः**

- अल्लो भाँगो प्रशोधन केन्द्र, कालिकोटको भवन निर्माणमा कसूरदार ठहरी सजाय पाएका प्रतिवादी नरेन्द्र प्रसाद पाण्डे सरह नै उक्त कसूरमा संलग्न रही उक्त गैर कानूनी लाभ लिई भ्रष्टाचार गरेको कसूर वारदातमा संलग्न सोही भवन निर्माण उपभोक्ता समितिका जिम्मेवार पदाधिकारीद्वय अध्यक्ष प्रतिवादी नन्द प्रसाद पाण्डे र कोषाध्यक्ष प्रतिवादी बिनिता राना पाण्डेलाई आरोपदाबीबाट सफाई दिनेगरी भएको फैसला त्रुटिपूर्ण रहेको।
- प्रतिवादीहरुले निर्माण समितिको आर्थिक कारोबारमा आफूहरु तीनै जनाको संयुक्त दायित्व र जिम्मेवारी रहेको स्वीकारी बयान गरेको। उपभोक्ता समितिका तत्कालीन कोषाध्यक्ष विनिता राना पाण्डेले मौकामा बयान गर्दा अल्लो भाँगो प्रशोधन केन्द्रको भवन निर्माणको लागि अध्यक्ष, सचिव र कोषाध्यक्षबाट खाता सञ्चालन भएको थियो। उक्त सामानको बिल मैले नदेखी दस्तखत गर्दिन भन्दा सो विषयमा विवाद भएको, के को सामान खरीद भएको हो मलाई केही थाहा छैन। भवन निर्माणको के कस्तो काम भएको छ भनेर त्यसको बारेमा हेर्न पाइन र सामानको बिल के कति छ त्यो पनि नदेखाएको कारणले खाली मलाई चेकमा मात्रै दस्तखत गर्नुस् भनी सचिव र अध्यक्ष दुवैले भनेकोले हस्ताक्षर गरेको हो अल्लो भाँगो प्रशोधन केन्द्रको भवनको निर्माण सामाग्रीहरु अध्यक्ष र सचिवले खरिद गरेका हुन्। बिलहरु समेत सबै उनिहरुले राखेका थिए । सबै खर्च गर्ने र काम गर्ने अध्यक्ष र सचिब हुन्।गलत बिल राखेका भए उनिहरुले नै राखेको होलान्।यस बिषयमा दोषी भए काम गर्ने र बिल ल्याउने उनिहरु नै हुन् भन्ने समेतको व्यहोरा मौकाको बयानमा उल्लेख गरी आफ्नो समेत हस्ताक्षरमा खाता संचालन हुने, आफू समेतले आफ्नो जिम्मेवारी निर्वाह नगरेकामा र सह प्रतिवादी नन्द प्रसाद पाण्डे समेत उपर कसूरमा पोल गरी बयान गरेको र अदालतमा समेत खरिदकर्ता

सहप्रतिवादीहरुलाई कसूरमा पोल गरी आफूले बिलहरुमा सहीछाप समेत गरेको तथ्यमा साबित रही बयान गरेको अवस्था समेतबाट निज प्रतिवादी विनिता राना पाण्डे तथा प्रतिवादी नन्द प्रसाद पाण्डे समेतले बद्नियतपूर्बक मिलेमतोमै कसूरदार ठहरेका प्रतिवादी नरेन्द्र प्रसाद पाण्डे सरहनै कसूरमा संलग्न रहेको पुष्टि भएको अवस्थामा उन्मूक्ति दिनेगरी भएको फैसला त्रुटिपूर्ण रही सो हदसम्म बदरभागी रहेको।

सहायक प्रवक्ता<br>देवी प्रसाद थपलिया

# देहायः

| सि.न | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | **नन्द प्रसाद पाण्डे, नरेन्द्र प्रसाद पाण्डे र बिनिता राना पाण्डे**<br>(वि.अ. को मु.नं. ०७९-CR-००१२<br>फैसला मितिः- २०८०।११।०६) | **गैर कानूनी लाभ लिई भ्रष्टाचार गरेको ।** | प्रतिवादीहरु नन्द प्रसाद पाण्डे, नरेन्द्र प्रसाद पाण्डे र बिनिता राना पाण्डे उपर भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको कसूरमा बिगो रु.२,५१,५२९।-(दुई लाख एकाउन्न हजार पाँच सय उनान्तीस रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिमको कैद सजाय र बिगो बमोजिम जरिवाना हुन एवम् सोही दफा ८(१) बमोजिम हानी नोक्सानी पुऱ्याएको कुल रकम रु.२,५१,५२९।-(दुई लाख एकाउन्न हजार पाँच सय उनान्तीस रुपैयाँ) बिगो समेत निज प्रतिवादीहरुबाटै असुल उपर हुन आरोपपत्र मागदाबी रहेको। | **फैसलाः**<br>प्रतिवादी नरेन्द्र प्रसाद पाण्डेलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको कसूरमा सोही ऐनको दफा ८(१) बमोजिम ३(तीन) महिना कैद र बिगो रु. २,५१,५२९/-(दुई लाख एकाउन्न हजार पाँच सय उनन्तीस रुपैयाँ) कायम भै सो बिगो बराबर जरिबाना समेत हुने र सो बिगो निज प्रतिवादीबाट असुल उपर गर्ने भन्ने, प्रतिवादीहरु नन्द प्रसाद पाण्डे र विनिता राना पाण्डेले आरोपदाबीबाट सफाई पाउने ठहर गरी मिति २०८०/११/०६ मा फैसला भएको ।<br><br>प्रतिवादी **नरेन्द्र प्रसाद पाण्डेको** हकमा आरोप पत्रमा उल्लिखित मागदाबी बमोजिम कसूर स्थापित भई सजाय भएको देखिँदा निजको हकमा **हकमा पुनरावेदन नगर्ने निर्णय भएको।**<br><br>**विशेष अदालत काठमाडौंले** प्रतिवादीहरु नन्द प्रसाद पाण्डे र विनिता राना पाण्डेलाई सफाई दिने गरी **फैसला** गर्दा निम्न **आधार ग्रहण गरेको देखिन्छः-**<br>क) प्रतिवादी विनिता पाण्डेले मौकामा तथा अदालतमा इन्कारी बयान गरेको, आफूलाई उक्त काम के कसो भएको छ थाहा नभई अध्यक्ष र सचिवले चेकमा मात्रै दस्तखत गर्नुस् भनेकाले अन्तिम समयमा भुक्तानी दिने बेलामा चेकमा हस्ताक्षर गरेको भनी उल्लेख गरेको ।<br>ख) प्रतिवादी नन्द प्रसाद पाण्डेले आफूले बिलको सम्पूर्ण कार्य समितिका सचिव नरेन्द्र प्रसाद पाण्डेले गर्ने गरेकाले आफूले कुनै गलत काम गरे जस्तो लाग्दैन भनी बयान गरेका। | क) प्रतिवादी नरेन्द्र प्रसाद पाण्डे उपर अल्लो भाँगो प्रशोधन केन्द्र, कालिकोटको भवन निर्माण उपभोक्ता समितिको सचिवको हैसियतमा फर्जी बिल पेश गरेको तथ्य उजुरी निवेदन, सह-प्रतिवादीहरुको बयान र साक्षीको बकपत्र समेतबाट पुष्टि भई निजले आरोपदाबी बमोजिमको कसूर गरेको ठहर्ने र निजलाई आरोपदाबी बमोजिम सजाय समेत हुने ठहर्ने भनी फैसला भएबाट प्रस्तुत कसूर वारदात फैसलाबाटै पुष्टि भैरहेको अवस्थामा कसूरदार ठहरी सजाय पाएका प्रतिवादी नरेन्द्र प्रसाद पाण्डे सरह नै उक्त कसूरमा संलग्न रही उक्त गैर कानूनी लाभ लिई भ्रष्टाचार गरेको कसूर वारदातमा संलग्न सोही भवन निर्माण उपभोक्ता समितिका जिम्मेवार पदाधिकारीद्वय अध्यक्ष प्रतिवादी नन्द प्रसाद पाण्डे र कोषाध्यक्ष प्रतिवादी बिनिता राना पाण्डेलाई आरोपदाबीबाट सफाई दिनेगरी भएको फैसला निज प्रतिवादीद्वय नन्द प्रसाद पाण्डे र कोषाध्यक्ष प्रतिवादी बिनिता राना पाण्डे का हकमा प्रथम दृष्टि (Prima facie) मै सो हदसम्म त्रुटिपूर्ण रहेको ।<br><br>ग) स्थानीय तहमा गाविसहरुको चालु खर्च/पुँजीगत खर्च बजेट खर्चको लागि उपभोक्ता समितिको अध्यक्ष/उपाध्यक्ष/सचिव र कोषाध्यक्षको संयुक्त दस्तखत कार्ड स्थानीय विकास अधिकारीबाट प्रमणित भएपछि बैंक खाता सञ्चालनमा आउने प्रक्रिया रहेको भनी तत्कालिन जिल्ला विकास समितिको कार्यालय, कालिकोटका लेखा अधिकृत देवीकिरण बुढाले गरेको बयान तथा प्रतिवादीहरुले उक्त समितिको आर्थिक कारोबार समेतमा आफूहरु तीनै जनाको संयुक्त दायित्व र जिम्मेवारी रहेको स्वीकारी बयान समेतबाट यी उपभोक्ता समितिका पदाधिकारी प्रतिवादीहरु उक्त योजना संचालन र आर्थिक जिम्मेवारी समेतमा सामूहिक रुपमा जिम्मेवार रहेको तथ्य पुष्टि भैरहेको छ । उक्त उपभोक्ता समितिका तत्कालिन कोषाध्यक्ष जस्तो कार्यकारी जिम्मेवार पदमा रहेका प्रतिवादी विनिता राना पाण्डेले मौकामा बयान गर्दा अल्लो भाँगो प्रशोधन केन्द्रको भवन निर्माणको लागि अध्यक्ष, सचिव र कोषाध्यक्षबाट खाता सञ्चालन भएको थियो । उक्त सामानको बिल मैले नदेखी दस्तखत गर्दिन भन्दा सो विषयमा विवाद भएको, के को सामान खरीद भएको हो मलाई केही थाहा छैन । भवन निर्माणको के कस्तो काम भएको छ भनेर त्यसको बारेमा हेर्न पाइन र सामानको बिल के कति छ त्यो पनि नदेखाएको कारणले खाली मलाई चेकमा मात्रै दस्तखत गर्नुस् भनी सचिव र अध्यक्ष दुवैले भनेकोले हस्ताक्षर गरेको हो अल्लो भाँगो प्रशोधन केन्द्रको भवनको निर्माण सामाग्रीहरु अध्यक्ष र सचिवले खरिद गरेका हुन्। बिलहरु समेत सबै उनिहरुले राखेका थिए । सबै खर्च गर्ने र काम गर्ने अध्यक्ष र सचिब हुन्। गलत बिल राखेका भए उनिहरुले नै राखेको होलन्। यस बिषयमा दोषी भए काम गर्ने र बिल ल्याउने उनिहरु नै हुन् भन्ने समेतको व्यहोरा मौकाको बयानमा उल्लेख गरी आफ्नो समेत हस्ताक्षरमा खाता संचालन हुने, आफू समेतले आफ्नो जिम्मेवारी जिम्मेवार रुपमा निर्वाह नगरेकामा र सह प्रतिवादी नन्द प्रसाद पाण्डे समेत उपर कसूरमा पोल गरी बयान गरेको र अदालतमा समेत खरिदकर्ता सहप्रतिवादीहरुलाई कसूरमा पोल गरी आफूले बिलहरुमा सहीछाप समेत गरेको तथ्यमा साबित रही बयान गरेको अवस्था समेतबाट निज प्रतिवादी विनिता राना पाण्डे तथा प्रतिवादी नन्द प्रसाद पाण्डे समेतले दबाबमा नभै बद्नियतपूर्बक मिलेमतोमै कसूरदार ठहरेका प्रतिवादी नरेन्द्र प्रसाद पाण्डे सरहनै कसूरमा संलग्न रहेको पुष्टि भैरहेको अवस्थामा निज प्रतिवादीहरुले कसूरको सजायबाट उन्मुक्ति पाउने नियत उद्देश्यले कसूरमा इन्कारी बयान गर्नु अस्वाभाविक नहुने र निज प्रतिवादीहरुको उक्त इन्कारी बयानलाई मुख्य आधार लिई निजको कानूनी दायित्व र जिम्मेवारी समेतलाई वेवास्ता गरी निज प्रतिवादीहरुलाई निजहरुको कसूरबाट उन्मुक्ति दिनेगरी भएको फैसला निज प्रतिवादीहरु नन्द प्रसाद पाण्डे र बिनिता राना पाण्डेका हकमा त्रुटिपूर्ण रही सो हदसम्म बदरभागी रहेको ।<br><br>घ) प्रतिवादीहरुले एक आपसमा पोल गरी आफ्नो कानून बमोजिमको जिम्मेवारी, कर्तव्य, दायित्व पूरा नगरेबाट समेत यी प्रतिवादीहरु नन्द प्रसाद पाण्डे र विनिता राना पाण्डे समेत प्रस्तुत कसूर गर्नमा आपसी मिलेमतो, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | संलग्नता र बदनियत रहेको थप पुष्टि हुन्छ। राज्यलाई प्रतिवादीहरुको कार्यबाट हानिनोक्सानी भएको, प्रतिवादीहरुले मनसायपूर्वक कसूर गरेको पुष्टी भैरहेको अवस्थामा एक अर्कोले जिम्मेवारी पन्छाउँदैमा आफू स्वयम्ले गरेको कसूरबाट उन्मुक्ति पाउनुपर्ने, अवस्था बिलकूलै हुँदैन। उक्त अल्लो भाँगो प्रशोधन केन्द्र, कालिकोटको भवन निर्माण उपभोक्ता समितिका तत्कालिन अध्यक्ष जस्तो गहन र नेतृतवदायी कानूनी जिम्मेवारीमा रहेका प्रतिवादी नन्द प्रसाद पाण्डेले सो समितिमा अध्यक्ष, सचिव र कोषाध्यक्षबाट खाता सञ्चालन हुने अवस्थामा कसूरदार ठहरेका प्रतिवादी नरेन्द्र प्रसाद पाण्डे सरह नै उक्त स्थापित कसूर वारदातमा संलग्न रहेको तथ्य सहप्रतिवादीहरुको पोल बयान, निजको पदीय जिम्मेवारी समेतबाट पुष्टि भैरहेको मिसिल संलग्न उक्त पोल बयान, बिल भरपाई, प्रतिवेदकको बकपत्र समेतबाट पुष्टि भैरहेकोमा निज प्रतिवादी समेतलाई आरोपदाबी बमोजिमको कसूरमा सजाय गर्नुपर्नेमा निजले आफूले बिलको सम्पूर्ण कार्य समितिका सचिव नरेन्द्र प्रसाद पाण्डेले गर्ने गरेकाले आफूले कुनै गलत काम गरेजस्तो लाग्दैन भनी बयान गरेका भन्ने तथ्यअसंगत र अपुष्ट फैसलाधार लिई निज प्रतिवादी नन्द प्रसाद पाण्डेलाई समेत आरोपदाबीबाट सफाई दिनेगरी भएको फैसला निज प्रतिवादी नन्द प्रसाद पाण्डेका हकमा समेत मिलेको नदेखिएको।<br>ङ) कसूरदार ठहरेका प्रतिवादी नरेन्द्र प्रसाद पाण्डे उक्त उपभोक्ता समितिको सचिव रहेका तथा सोही समितिमा अध्यक्ष प्रतिवादी नन्द प्रसाद पाण्डे र कोषाध्यक्ष प्रतिवादी बिनिता राना पाण्डे रही निजहरु अध्यक्ष, सचिव र कोषाध्यक्ष तीनै जनाको सामूहिक दस्तखतबाट खाता सञ्चालन गर्नुको उद्देश्यले उक्त भएगरेको कार्यमा सामूहिक उत्तरदायित्व रहोस् र कसैले गतल कार्य गर्न लागेको अवस्थामा Cross-checking गरी सो गलत कार्य रोक्ने उद्देश्यले राखिएको हो । यस्तो अवस्थामा यी प्रतिवादीहरु नन्द प्रसाद पाण्डे र प्रतिवादी बिनिता राना पाण्डे समेतले सो उद्देश्य विपरीत एक आपसमा मिलेमतोमै कसूर गरी सो दायित्व र उद्देश्य विपरीतको कार्य गरेको पुष्टि भैरहेको देखिन्छ । साथै मुलुकी अपराध संहिता, २०७४ को दफा ३१ मा समूहबाट भएको कसूरमा सबै सदस्यलाई सजाय हुनेः दुई वा दुईभन्दा बढी व्यक्तिको समूहबाट कुनै कसूर भएकोमा सो समूहका सबै सदस्यलाई त्यस्तो कसूरको सजाय हुनेछ भन्ने सैद्धान्तिक व्यवस्था रहेको र उक्त दफा विशेष ऐनको कार्यान्वयनमा समेत प्रयोग हुने भएकोले यी प्रतिवादीहरुले सामूहिक रुपमा कसूर गरेको हुँदा सबैलाई आरोपदाबी बमोजिम सजाय हुनुपर्नेमा उक्त समूहका सचिवलाई मात्र सजाय गरी अध्यक्ष र कोषाध्यक्षलाई सफाई दिनेगरी भएको फैसला निज प्रतिवादीद्वयका हकमा त्रुटिपूर्ण रहेको । |